दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न सकिने छ ।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनहुने छ ।

७. दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

८. म्याद नाघि आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाहीगरिने छैन ।

९. दरभाउपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिनभित्र सम्वन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कबोल अंकको १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आय कर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण सहित १००% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला भएलगत्तै सम्झौता हुनेछ ।

१०. उपरोक्त न्यूनतम अंकमा मुल्य अभिबृद्धि कर (VAT) समावेश नभएको हुदाँ सम्बन्धित ठेकेदारले बिक्रि शुल्क अशुल गर्दा तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरी फरक भ्याट रसिदबाट अशुल उपर गर्नुपर्ने छ ।

११. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोर्नु पर्ने छ ।

१२. तोकीएको न्यूनतम अंकमा बढाबढ गरी सबै भन्दा बढी अंक कबोल गरेकोलाई छनोट गरिनेछ ।

१३. ठेक्का कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलान गर्न पाईने छ । साथै तोकिएको परिमाण उठाइसकेमा ठेक्का समयावधि समाप्त हुनेछ, तर नसकेको अवस्थामा ठेक्काको अवधि २०७७ साल ज्येष्ठ मसान्तसम्म मात्र हुने छ ।

१४. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

१५. बातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानुन विपरितका कुनै पनि कार्य गर्न पाइने छैन । साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भिक बातावरणीय प्रभाव मूल्यांकन(EIA/IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नुपर्ने छ । (EIA/IEE) प्रतिवेदनबारे तथा अन्य विषयमा बुझ्न चाहेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत